बैठक संख्याः 28 24

मितिः२०८१/१२/२१

समयःदिउसोः ११:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिम निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

निर्णय नं.१.   सिंजा गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना पास गर्ने निर्णय गरियो ।

निर्णय नं.२ . सिंजा गाउँपालिकाको वडा नं.१ मा अवस्थित श्री मालिका मावि धापाको विद्यालय व्यवस्थापन समितिको प्राप्त निर्णय अनुसार गाउँपालिका अनुदान मावि सामाजिक विषय शिक्षकको विज्ञापन गर्दा दरखास्त पेश हुन नआइ उक्त विषयलाई विद्यालय आवश्यकता अनुसार  नेपाली विषयको विज्ञापन गरि शिक्षक पदपुर्तीको प्रक्रिया अगाडी बढाउनको लागि विद्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.३. सिंजा गाउँपालिकाको कार्यपालिकाको प्रतिनिधि मण्डलले २०८१/११/१५ गते चितवन जिल्लाको भरतपुर महानगरपालिकामा भ्रमण गर्दा उक्त महानगरबाट गरिएको स्वागतको उच्च समानसहित धन्यवाद प्रकट गर्दै सिंजा गाउँपालिका र भरतपुर महानगरपालिका विच भगिनी सम्बन्ध कायम राख्ने प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४. नेपाल सरकारको मिति २०८१/०९/०९ को निर्णयानुसार  सिंजा गाउँपालिकाको नराकोटमा मालपोत कार्यालय र नापी कार्यालय स्थापना हुने भएको हुँदा चालु आ.व.मा सम्बन्धित मन्त्रालयले कार्यालय व्यवस्थापन र प्रशासनीक खर्चको बजेट विनियोजन नभएको हुँदा तत्काल कार्यालय स्थापनाका लागि सिंजा गाउँपालिकाले व्यवस्थापन र प्रशासनीक खर्चको व्यवस्था गर्नु पर्ने भएको हुँदा उक्त कार्यालयहरुलाई घरभाडामा लिनु पर्ने भएकाले तत्कालै गाउँपालिकाले भाडामा लिने सकिने घरहरुको सुचि तयार गरेको र सम्बन्धित कार्यालय प्रमुखहरुलाई घर देखाउदा निजहरुले छनौट गरेका घरहरु बाट भाडाको दररेट समेत माग गर्दा घटाघटको माध्यमबाट छनौट भएको सिंजा गाउँपालिका स्थित श्री देवलसिंह रावलको घरमा प्रतिकोठा रु. २५०० का दरले हुन आउने जम्मा १६ कोठाको मासिक रु. ४० हजार कर सहितको घरभाडाको सम्झौता गर्ने गरी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५. सिंजा गाउँपालिकाको शिक्षायुवा तथा खेलकुद शाखामा चालु आ.व.मा शिक्षक अनुदान शिर्षकमा विनियोजन रकमबाट स्याउले आविमा शिक्षक पदपुर्ती गर्ने निर्णय भएकोमा हाल विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक आवश्यक नभएकाले उक्त रकमबाट यस गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुमा खेलकुद सिकाउनका लागि खेलकुद शिक्षक आवश्यक देखिएकाले करार सेवाबाट पदपुर्ती गर्नका लागि शिक्षायुवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.६. सिंजा गाउँपालिकामा मिति २०८१ साल भाद्र १०,११ र १२ गते सम्म सञ्चालित केदारनाथ महोत्सवमा भएको खर्च रु २३ लाख चालु आ.व.को १४ औं बजेट अधिवेशनबाट र १५ औं हिउँदे गाउ सभाले उक्त रकमलाई विनियोजन गरिसकेको हुँदा उक्त महोत्सव सञ्चालनका लागि गठित केदारनाथ पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समितिलाई प्राप्त विल भरपाईका आधारमा रकम भुक्तानी गर्ने निर्णय गरियो ।